# हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# Hydroelectricity Investment and Development Company Ltd.

## नयाँ बानेश्वर, काठमाण्डौं

## कार्यक्षमता मुल्याङ्कनको आधारमा हुने वढुवाको सूचना

**प्रकाशित मितिः २०८२/०५/०६ गते**

(सूचना नं. १/२०८२/८३)

लोक सेवा आयोगबाट मिति २०८२/०५/०५ मा सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवाद्वारा पूर्ति गर्नुपर्ने पदमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको कर्मचारी विनियमावली, २०६८ (संशोधनसहित) बमोजिम बढुवाको लागि उम्मेदवार हुन योग्य उम्मेदवारले पदपूर्ति समितिले निर्धारण गरेको ढाँचा अनुसारको दरखास्त फारममा उल्लिखित विवरण खुलाई मिति २०८२/०५/२६ गते भित्र कम्पनीको कार्यालय, नयाँ बानेश्वरस्थित नागरिक लगानी कोष भवनको चौंथो तलामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं | बढुवा सूचना नं. | तह | पद | सेवा, समूह | पद संख्या |
|---|---|---|---|---|---|
| १. | ०१/०८२-८३ | १० | प्रमुख प्रवन्धक (वित्त) | प्रशासन, वित्त | १ (एक) |
| २. | ०२/०८२-८३ | ८ | प्रवन्धक (वित्त) | प्रशासन, वित्त | १ (एक) |

**द्रष्टब्यः**

१. **परीक्षा दस्तुरः** तह दशौंका लागि रु. २,०००।- (अक्षरूपी दुई हजार मात्र) र तह आठौंका लागि (अक्षरूपी एक हजार चार सय मात्र) परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

२. **परीक्षा दस्तुर बुझाउने तरिकाः** हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनि लिमिटेडको नाममा एभरेष्ट बैंक लिमिटेड सिंहदरवार शाखामा रहेको बैंक खाता नम्बर ००१००१०५२०१०९८ मा परीक्षा दस्तुर जम्मा गरी सो को सक्कल भौचर दरखास्त फारमसंगै बुझाउनु

३. दरखास्त फाराम कम्पनीको मानव संशाधन तथा आन्तरिक व्यवस्थापन शाखा वा कम्पनीको वेव साइट www.hidcl.org.np बाट प्राप्त गर्न सकिनेछ।

## खुला तथा आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

**(प्रकाशन मितिः २०८२/०५/०६ गते)**

(सूचना नं. २/२०८२/८३)

लोक सेवा आयोगबाट मिति २०८२/०५/०५ मा सहमति प्राप्त भए बमोजिम यस कम्पनीमा रिक्त रहेका देहायबमोजिमका पदहरु खुला तथा आन्तरिक प्रतियोगिताबाट स्थायी पदपूर्ती गर्नुपर्ने भएकोले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कर्मचारी विनियमावली २०६८ (संशोधनसहित) बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त फारम कम्पनीको वेभसाइट www.hidcl.org.np बाट डाउनलोड गरि निर्दिष्ट स्थानमा हालसालै खिचिएको पासपोर्ट साईजको फोटो टाँस गरी दरखास्तसाथ आफुले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न गरी कम्पनीको कार्यालय, नयाँ बानेश्वरस्थित नागरिक लगानी कोष भवनको चौंथो तलामा बुझाउनु पर्नेछ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको अर्को दिन कार्यालय समय भित्र दरखास्त बुझाउन सकिनेछ ।

| क्र.सं. | विज्ञापन नं. | तह | पद | सेवा | समूह | खुला/ आन्तरिक | पद संख्या | आवश्यक न्यूनत्तम शैक्षिक योग्यता र अनुभव |
|---|---|---|---|---|---|---|---|---|
| १. | ०१/०८२-८३ | ९ | वरिष्ठ प्रवन्धक (वित्त) | प्रशासन | वित्त | खुला | १ (एक) | मान्यता प्राप्त शिक्षण संस्थाबाट वित्त वा लेखा मूल विषय लिई व्यवस्थापन सङ्कायमा स्नातकोत्तर तह उत्तीर्ण गरेको कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा ५ वर्षको कार्य अनुभव हासिल गरेको वा मान्यता प्राप्त संस्थाबाट चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता प्राप्त गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था वा संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ, संस्थाको अधिकृतस्तरको पदमा ७ वर्षको कार्य अनुभव हासिल गरेको । |
| २. | ०२/०८२-८३ | ७ | वरिष्ठ अधिकृत (वित्त) | प्रशासन | वित्त | आ.प्र. | १ (एक) | कम्पनीको कर्मचारी विनियमावली २०६८ (संशोधनसहित) बमोजिम न्यूनत्तम शैक्षिक योग्यता र अनुभव हासिल गरेको। |

**विज्ञापन सम्बन्धी विशेष सूचनाः** सम्मानीत सर्वोच्च अदालतबाट रिट नं. ०७८-WO-०६६० समेतको उत्प्रेषण सम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा जारी भएको परमादेशको आदेश बमोजिम आवश्यक कानुनी व्यवस्था भए पश्चात् सोहि अनुसार पदपुर्ति गरिनेछ।

**द्रष्टब्यः**

१. **परीक्षाको किसिमः** पाठ्यक्रममा उल्लेख भए बमोजिम लिखित, र अन्तर्वार्ता।

२. **परीक्षाको केन्द्रः** काठमाण्डौं।

३. **परीक्षाको माध्यमः** पाठ्यक्रममा तोकिए बमोजिम (नेपाली वा अंग्रेजी वा दुवै )

४. **दरखास्त बुझाउने स्थानः** कम्पनीको कार्यालय, नयाँ बानेश्वर स्थित नागरिक लगानी कोष भवनको चौंथो तला।

**५. संलग्न गर्नुपर्ने कागजातहरुः** उम्मेद्वारले न्युनतम शैक्षिक योग्यता, अनुभव र नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्ने छ। दरखास्त दिने उम्मेद्वारले नेपाल बाहेक अन्य देशबाट शैक्षिक योग्यता हासिल गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपी समेत अनिवार्य पेश गर्नुपर्ने छ। पेश भएका कागजात उम्मेद्वार स्वयंले प्रमाणित गरी दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**६. पाठ्यक्रमः** विज्ञापित पदहरुको पाठ्यक्रम कम्पनीको वेभसाइट www.hidcl.org.np बाट प्राप्त गर्न सकिनेछ।

**७. परीक्षा दस्तुर बुझाउने तरिकाः** हाइड्रोइलेक्ट्रिसिटि इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनि लिमिटेडको नाममा एभरेष्ट बैंक लिमिटेड सिंहदरवार शाखामा रहेको बैंक खाता नम्बर ००१००१०५२०१०९८ मा परीक्षा दस्तुर जम्मा गरी सो को सक्कल भौचर दरखास्त फारमसंगै बुझाउनु पर्नेछ।

**८. परीक्षा दस्तुरः** प्रत्येक विज्ञापनका लागि देहाय अनुसार परीक्षा दस्तुर बुझाउनु पर्नेछ।

| तह | परीक्षा दस्तुर |
|---|---|
| नवौं | रु. १,६००।– (अक्षरूपी एक हजार छ सय मात्र) |
| सातौं | रु. १,२००।–(अक्षरूपी एक हजार दुई सय मात्र) |

**९. उमेरको हदः** दरखास्त दिने अन्तिम मितिसम्ममा तह ९ को पदको लागि २१ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको हुनुपर्नेछ। हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडमा कार्यरत स्थायी कर्मचारीलाई उमेरको हद लाग्ने छैन।

**१०. दरखास्त दिने अन्तिम मितिः** २०८२/०५/२६ सम्म र दोब्बर दस्तुर तिरी २०८२/०६/०२ सम्म।

**११. तलव, सुविधा र सेवाका शर्तः** कम्पनीको नियमानुसार।

१२. अनुभव आवश्यक पर्ने पदहरुको हकमा विद्यावारिधि उपाधि हासिल गरेको भएकोमा तोकिएको अनुभव अवधिमा दुई वर्ष कम अनुभव भए पनि उम्मेदवार हुन सक्नेछन्।

**१३. कार्य गर्नुपर्ने स्थानः** कम्पनीको कार्यालय।

**१४. पदले गर्नु पर्ने कामः** कार्य विवरण अनुसार सम्वन्धित सेवा, समुहले गर्नुपर्ने कार्यहरु।

**१५. परीक्षणकालको अवधिः** १ वर्ष तर महिलाको हकमा ६ महिना मात्र।

१६. लिखित परीक्षा लोकसेवा आयोगबाट संचालन हुनेछ।

१७. रीत नपुगेको र म्याद नाघी प्राप्त हुने दरखास्त उपर कुनै कारवाही गरिने छैन।

१८. विज्ञापन रद्द भएको अवस्थामा वाहेक परीक्षा दस्तुर फिर्ता हुने छैन।

१९. दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, तालिम, कार्यानुभव तथा नोकरी अवधिको प्रयोजनका लागि गणना गरिने छैन।

२०. सूचनामा समावेश नभएका अन्य विषयहरु कम्पनीको कर्मचारी विनियमावलीमा उल्लेख भएबमोजिम हुनेछ ।

२१. सम्पर्क नम्वर: ०१-४५९५०१६/१७/१८

**सदस्य सचिव**
**पदपूर्ति समिति**